कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड

# Sanima Middle Tamor Hydropower Limited

रजिष्टर्ड कार्यालयः कामनपा-४, शंखपार्क, धुम्बाराही, काठमाण्डौ, नेपाल ।
फोन नं.०१४३७२८२८, ४३७३०३०, ४०१५७८८
इमेलः middletamor@sanimahydro.com, वेबसाइटः www.middletamor.com

को

## आयोजना प्रभावित क्षेत्रका स्थानिय वासिन्दाहरू र वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरूको निमित्त निष्काशित साधारण शेयरको बाँडफाँड तथा रकम फिर्ता भुक्तानी सम्बन्धी सूचना

सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडले आफ्नो जारी पूँजी रु.३,३३,२५,००,००० (अक्षरेपी तीन अर्ब तेत्तिस करोड पच्चीस लाख मात्र) को १०% अर्थात रु.३३,३२,५०,०००/– (अक्षरेपी तेत्तिस करोड बत्तिस लाख पचास हजार रुपैंया मात्र) रकम बराबरको प्रति शेयर रु.१००/- अंकित दरको ३३,३२,५०० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको लागि *(जस मध्ये आयोजनाको अति प्रभावित क्षेत्र फुङलिङ नगरपालिका वडा नं. १, २, ९ र १०, फक्ताङलुङ गाउँपालिका वडा नं. १, मिक्वाखोला गाउँपालिका वडा नं. १ र २, मेरिङदेन गाउँपालिका वडा नं. २ र ३, आठराई त्रिवेणी गाउँपालिका वडा नं. ५ तथा मैवाखोला गाउँपालिका वडा नं. १ मा बसोवास गर्ने नेपाली नागरिकहरु तथा आयोजना प्रभावित क्षेत्र ताप्लेजुङ्ग जिल्लाका स्थानीय बासिन्दाहरुको लागि )* मिति २०७९ माघ ०४ गतेदेखि मिति २०७९ माघ १९ गतेसम्म निष्काशन तथा बिक्री खुल्ला गरिएको तथा सर्वसाधारणमा निष्काशन हुने कम्पनीको जारी पूँजीको १५% अर्थात रु.४९,९८,७५,०००/– (अक्षरेपी उनन्पचास करोड अन्ठान्नब्बे लाख पचहत्तर हजार रुपैंया मात्र) रकम बराबरको रु.१००/– अंकित दरको ४९,९८,७५० कित्ता शेयर मध्ये १०% अर्थात ४,९९,८७५ कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकहरुको लागि सानिमा क्यापिटल लिमिटेडको निष्काशन तथा बिक्री प्रबन्धकत्वमा मिति २०७९ माघ ०४ गतेदेखि मिति २०७९ माघ १८ गतेसम्म निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा सो अवधिमा रितपूर्वक आवेदन दिनु हुने सम्पूर्ण आवेदकहरुलाई बाँडफाँड सम्बन्धी प्रचलित कानूनको अधिनमा रही उक्त कम्पनीको आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुलाई ३३,३२,५०० कित्ता साधारण शेयर र वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुलाई ४,९९,८७५ कित्ता साधारण शेयर **मिति २०७९ फाल्गुण १४ गते आइतबार** बाँडफाँड गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

शेयर बाँडफाँड सम्बन्धी विवरण धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइट www.sanima.capital, निष्काशन कम्पनीको वेवसाईटः www.middletamor.com र भौतिक रुपमा आवेदन बुझाएका आवेदकहरुले आफूले आवेदन फारम बुझाएको सम्बन्धित संकलन केन्द्रहरुमा सम्पर्क राखेर समेत हेर्न/बुझ्न सकिनेछ। साथै सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु मार्फत आवेदन दिनुहुने वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुको हकमा बाँडफाँडमा परेको विवरण सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट सञ्चालित वेभसाईट www.iporesult.cdsc.com.np/meroshare.cdsc.com.np बाट हेर्न सकिने व्यहोरा समेत जानकारी गराउँदछौं ।

संकलन केन्द्रहरुबाट दरखास्त फारम बुझाएका लगानीकर्ताहरुको बाँडफाँडमा आंशिक/नपरेका शेयर वापतको रकम यही मिति २०७९ फाल्गुण १९ गते शुक्रबारदेखि सम्बन्धित आवेदकहरुले आफूले दरखास्त फाराममा उल्लेख गरेको बैंक खातामा रकमान्तर गरिने व्यवस्था मिलाइएकोले आफ्नो खातामा रकम जम्मा भए नभएको एकिन गर्नुहुन समेत यसै सूचना मार्फत अनुरोध गर्दछौं । साथै, सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु माार्फत आवेदन दिनुहुने बैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुको हकमा बाँडफाँडमा नपरेको रकम सम्बन्धित बैंक तथा वित्तीय संस्था मार्फत रोक्का रहेको रकम फुकुवा हुने व्यहोरा समेत सर्वसाधारणको जानकारीको लागि अनुरोध गर्दछौं ।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, संकलन केन्द्रहरु, सम्पूर्ण सि-आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरु, नियमन निकायहरु तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद ज्ञापन गर्दछौं ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

**SanimaCapital**

(A wholly owned subsidiary of Sanima Bank Ltd.)

रजिष्टर्ड कार्यालयः सममार्ग, नक्साल, काठमाण्डौ, नेपाल, फोन नं.: ०१-४५४०५०८
Email: sanimacapital@sanimabank.com, Website: www.sanima.capital

।